# उच्च अदालत सुर्खेत, जुम्ला इजलास

## सूचना। सूचना ।। सूचना ।।।

सम्मानित सर्वोच्च अदालतको च.नं. १८९६ मिति २०७७।२।१६ मा प्राप्त परिपत्रअनुसार बन्दाबन्दि (Lockdown) को अवधिमा थप कामकारवाही र सेवा प्रवाह गर्ने विषयमा मिति २०७७।०२।२६ मा जुम्ला जिल्ला अदालत, उच्च अदालत वार एशोसियसन र सम्वन्धित सरकारी वकिल कार्यालयसंगको छलफल एवं अन्तरक्रियाको निर्णय अनुसार मिति २०७७।०२।३२ देखि देहाय वमोजिमका काम कारवाही र सेवा प्रवाह गर्ने गरी व्यवस्था मिलाईएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि अनुरोध छ।

**देहाय**

१.यस अघि बन्दाबन्दि (Lockdown) को समयमा सम्पादन गरिदै आएका काम कारवाहीलाई निरन्तरता दिने ।

२. मिलापत्र, मुद्दा फिर्ता र तामेली लगायतका कामकारबाही गर्ने ।

३. सम्बन्धित पक्ष वा कानून व्यवसायी उपस्थित हुन सक्ने अवस्थाका मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमका निवेदनको कारबाही र सुनुवाई गर्ने ।

४. कानून व्यवसायी नियुक्त गरेका वा नगरेका थुनामा रहेका व्यक्ति पुनरावेदक भई सुनुवाईको लागि निजको सहमति भएको र वैतनिक कानून व्यवसायी मार्फत प्रतिनिधित्व हुन सक्ने अवस्थाका मुद्दाको कारवाही र सुनुवाई गर्ने ।

५. नेपाल सरकार पुनरावेदक भई दर्ता भएका र प्रत्यर्थी झिकाउने आदेश भई नसकेका मुद्दा र प्रतिवादीका नाउँमा म्याद तामेल भई बन्दाबन्दि (Lockdown) को अवस्था सुरु हुनु अघिनै तोकिएको म्याद र थाम्ने थमाउने अवधि समेत बेतीत भई सकेका तथा प्रतिवादी हाजिर नभई फरार रहेका सामान्य प्रकृतिका मुद्दाहरु सुनुवाई गर्ने ।

६. रिट निवेदनहरुको सुनुवाई, संवेदनसील विषय र अत्यावश्यक सेवा संग सम्वन्धित नयाँ रिट निवेदनहरु दर्ता गर्ने र सुनुवाई गर्ने ।

७. मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ७३ नं. संग सम्बन्धित निवेदन दर्ता गर्ने र सुनुवाई गर्ने ।

८. कोरोना भाइरस (COVID-19) को संक्रमणको अवस्था कानून व्यवसायी एवं सेवाग्राहीको उपस्थिति तथा व्यवस्थापकिय पक्ष समेतलाई मध्यनजर गरी उल्लेखित प्रकृति बाहेकका अन्य मुद्दाको सुनुवाई वा थप सेवा प्रवाह समेत स्थगन गर्नुपर्ने अवस्था आएमा सरोकारवालाहरुको समन्वय तथा छलफलबाट अघि बढ्दै जाने ।